स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कीर्तिमानी फिल्म "पूर्णबहादुरको सारङ्गी"का अभिनेता विजय बरालको मुख्य भूमिका रहेको फिल्म "सिन्दुरे जात्रा"को छायांकन सकिएको छ। मंगलबार पर्वत जिल्लाको कुश्मा नगरपालिकास्थित आर्थर डाँडाखर्क गाउँमा अन्तिम दृश्य खिचिएसँगै ४० दिनमा फिल्मको छायांकन पूरा भएको हो। गत जेठमा घोडचडी दृश्य खिच्ने क्रममा लडेर विजय बरालको दाहिने हात भाँचिएपछि एक महिना फिल्मको छायांकन रोकिएको थियो।

**आजको विचार...**



सिद्धार्थ...
(दुई पेजमा)

पदम न्यौपाने



कलाकार हरिवंश आचार्यले मानव बेचबिखन परम्परागत चेलीबेटी बेचबिखनको सीमित दायराभन्दा बाहिर गएर नयाँ-नयाँ स्वरूपमा विस्तार भइरहेको बताएका छन्। उनले प्रविधिको दुरुपयोग, वैदेशिक रोजगारीको प्रलोभन र संगठित आपराधिक सञ्जालका कारण मानव बेचबिखनका चुनौती थप जटिल बन्दै गएको उल्लेख गरे। "आजको परिस्थितिमा चेलीबेटी बेचबिखनमा मात्र संसार सीमित छैन। चेलीबेटी बेचबिखनभन्दा पनि मानव बेचबिखनका घटनाहरु बढिरहेका छन्।

❒ वर्ष ३२ ❒ अंक १४ ❒ २०८३ साउन १४ गते बिहीबार 30 July 2026, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### शक्तिशाली भूकम्प, १३ जनाको मृत्यु

**(रासस/एएफपी)**

**कुमामोतो (जापान),**साउन १३/ जापानको दक्षिणपश्चिमी क्युसु टापुको कुमामोतो प्रान्तमा मङ्गलबार आएको शक्तिशाली भूकम्पमा परी कम्तीमा १३ जनाको मृत्यु भएको छ भने दर्जनौं घाइते भएका छन् । भूकम्पका कारण सपिङ मल, औद्योगिक प्रतिष्ठान, सडक, पुल तथा ऐतिहासिक संरचनामा व्यापक क्षति पुगेको छ । हजारौं घरमा विद्युत् सेवा अवरुद्ध भएको छ भने उद्धार तथा राहत कार्य तीव्र रूपमा जारी रहेको अधिकारीहरूले बुधबार जानकारी दिएका छन् । स्थानीय समयअनुसार अपराह्न ४:२७ बजे आएको भूकम्प जापानको सिन्डो स्केलमा उच्च स्तरमा मापन गरिएको थियो । अमेरिकी भूगर्भ सर्वेक्षण (युएसजीएस) ले यसको तीव्रता ६.८ म्याग्निच्युड र केन्द्रविन्दुको गहिराइ १० किलोमिटर रहेको जनाएको छ भने जापानी अधिकारीहरूले यसलाई ७.१ म्याग्निच्युडको भूकम्प बताएका छन् । जापानका सम्बन्धित अधिकारीहरूले मृत्यु हुने सबै व्यक्तिको मृत्यु प्रत्यक्ष रूपमा भूकम्पकै कारण भएको हो वा होइन भन्ने विषयमा अझै पुष्टि भइरहेको बताएका छन् ।

# पालपासहित तीन जिल्लामा भएका छुट्टाछुट्टै दुर्घटनामा ७ जनाको मृत्यु

**हाम्रा संवाददाता**

**पाल्पा,** साउन १३ / पाल्पा, कपिलवस्तु र बाँकेमा बुधबार बिहान भएका तीन छुट्टाछुट्टै दुर्घटनामा एक बालकसहित ७ जनाको मृत्यु भएको छ । सम्बन्धित जिल्ला प्रहरी कार्यालयका अनुसार सवारी दुर्घटनामा परी पाल्पामा १, कपिलवस्तुमा ३ र बाँकेमा ३ जना गरी ७ जनाको ज्यान गएको हो ।

पाल्पाको पूर्वखोला गाउँपालिका-१ तामाखानीमा मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । लुम्बिनी प्रदेश ०१-००५ प ४०४१ नम्बरको मोटरसाइकल सडकबाट करिब २५ मिटर तल खस्दा चालक पूर्वखोला गाउँपालिका-१ सामुङ्गाका २८ वर्षीय दिमस सारुको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । दुर्घटनाको जानकारी प्राप्त भएपछि प्रहरी चौकी जङ्गादी र इलाका प्रहरी कार्यालय




रामपुरबाट प्रहरी टोली घटनास्थलमा पुगेको थियो ।यस्तै कपिलवस्तुको तौलिहवा-बहादुरगञ्ज हुलाकी सडकअन्तर्गत महाराजगञ्ज नगरपालिका-२ स्थित गैंडहवा चोक नजिक मदिरा बोकेको ना ५ ख २३६४ नम्बरको ट्रकले पैदलयात्री र साइकलयात्रीलाई ठक्कर दिँदा तीन जनाको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरीले जनाएको छ । मृत्यु हुनेमा स्थानीय १२ वर्षीय आनन्द कहार, महाराजगञ्ज नगरपालिका-३ का ७५ वर्षीय घोल्लर कुर्मी र ४५ वर्षीय विजयकुमार बनिया रहेका छन् । दुर्घटनापछि स्थानीयवासी आक्रोशित बनेका कारण बिहान १० बजेसम्म घटनास्थल तनावग्रस्त बनेको थियो । पछि प्रहरीले स्थिति नियन्त्रणमा लिएपछि अवस्था सामान्य बनेको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रवक्ता डीएसपी रिपेन्द्रकुमार सिंहले जानकारी दिए ।

यस्तै, बाँकेको कोहलपुर नगरपालिका-३ शान्तिटोलमा निर्माणाधीन घरको सेफ्टी ट्याङ्की सफा गर्ने क्रममा निस्सासिएर तीन जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ४१ वर्षीय कालु थारू, २६ वर्षीय प्रकाश थारू र ३४ वर्षीय बिर्जा थारू रहेका छन् । प्रहरीका अनुसार दयाप्रसाद थारूको निर्माणाधीन घरको आँगनमा रहेको सेफ्टी ट्याङ्कीभित्र उनीहरू फसेको अवस्थामा मृत भेटिएका थिए । ट्याङ्की फुटाउन जेसीबीको प्रयोग गरी शव बाहिर निकालिएको थियो। प्रारम्भिक अनुसन्धानका क्रममा विषाक्त ग्यासका कारण निस्सासिएर मृत्यु भएको आशङ्क गरिएको बाँकेका प्रहरी नायब उपरीक्षक प्रतितसिंह राठौरले बताए । तीन वटै घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## नेपालमा बाघको संख्या ४२९ पुग्यो




पाल्पा, साउन १३/ नेपालमा बाघको संख्या बढेर ४२९ पुगेको छ । विश्व बाघ दिवसका अवसरमा बुधबार कृषि, वन तथा पर्यावरण मन्त्रालयले सार्वजनिक गरेको राष्ट्रिय बाघ गणना-२०८२ अनुसार मुलुकभर बाघको संख्या ४२९ पुगेको हो ।

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले सार्वजनिक गरेको तथ्याङ्कअनुसार सबैभन्दा बढी बाघ चितवन राष्ट्रिय निकुञ्जमा १४५ वटा रहेका छन् । त्यसपछि बर्दिया राष्ट्रिय निकुञ्जमा ११२, पर्सा राष्ट्रिय निकुञ्जमा ७१, बाँके राष्ट्रिय निकुञ्जमा ५१ तथा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा ५० वटा बाघ रहेका छन् । मन्त्रालयका अनुसार संरक्षण क्षेत्रको प्रभावकारी व्यवस्थापन, बासस्थानमा सुधार तथा सिकार प्रजातिको संख्या बढेका कारण बाघको संख्या उल्लेखनीय रूपमा वृद्धि भएको हो । नेपालमा हरेक चार वर्षमा राष्ट्रिय बाघ गणना गर्ने परम्परा रहेको छ । यसअघि सन् २०२२ मा गरिएको गणनाअनुसार नेपालमा ३५५ वटा बाघ थिए । नेपालमा बाघको संख्या बढेसँगै यिनको व्यवस्थापन,मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरण,बासस्थान सुधारलगायत अन्य विविध विषय चुनौती बनेका छन् । मध्यवर्ती क्षेत्रका मानिसहरु घाँस दाउरा,निहुरो टिप्रुन र गाइभैंसी चराउन जाने क्रममा सामुदायिक वनभित्रै बाघको आक्रमणमा पर्ने गरेका छन् । उनीहरुलाई जंगल जाने वातावरणा नबनाउनका लागि सरकारले वैकल्पिक उपायको व्यवस्था मिलाउने किसिमका कार्यक्रमहरू पनि आवश्यकता देखिएको छ ।

## २२ जनालाई आमाको नामबाट नागरिकता

**दाङ,** साउन १३/ जिल्ला प्रशासन कार्यालयले गत आर्थिक वर्ष २०८२/८३ मा १८ हजार ७९ जनालाई नयाँ नागरिकता प्रदान गरेको छ ।

कार्यालयले सार्वजनिक गरेको प्रगति विवरणअनुसार सो अवधिमा १८ हजार नौ जनाले वंशजका आधारमा, २२ जनाले आमाका नामबाट नागरिकता लिएका छन् । यस्तै, १४ जनाले गैरआवासीय नेपाली नागरिकता, ३४ जनाले वैवाहिक अङ्गीकृत नागरिकता र १० जनाले अङ्गीकृत नागरिकता प्राप्त गरेका छन् । प्रमुख जिल्ला अधिकारी निश्चलराज पाण्डेका अनुसार जिल्ला प्रशासन कार्यालय घोराहीबाट छ हजार ६७०, इलाका प्रशासन कार्यालय तुलसीपुरबाट सात हजार १५५ र इलाका प्रशासन कार्यालय लमहीबाट चार हजार २५४ जनालाई नयाँ नागरिकता प्रदान गरिएको हो । कार्यालयले एक वर्षको अवधिमा १४



हजार ७३७ वटा नागरिकताको प्रतिलिपिसमेत जारी गरेको छ । घोराहीबाट पाँच हजार १७९, तुलसीपुरबाट सात हजार २६७ र लमहीबाट दुई हजार ७९१ वटा प्रतिलिपि वितरण गरिएको सहायक प्रमुख जिल्ला अधिकारी सावित्रा पुनले जानकारी दिइन् । त्यसैगरी, ४१९ नाबालक परिचयपत्र वितरण गरिएको छ भने १७ हजार २२२ वटा राहदानी जारी गरिएको कार्यालयले जनाएको छ । राहदानीमध्ये जिल्ला प्रशासन कार्यालय घोराहीबाट सात हजार ५७९, इलाका प्रशासन कार्यालय तुलसीपुरबाट पाँच हजार ६२७ र इलाका प्रशासन कार्यालय लमहीबाट चार हजार १६ वटा वितरण गरिएको छ ।

गत आर्थिक वर्षमा ७१ हजार ४७० जनाको राष्ट्रिय परिचयपत्र दर्ता गरिएको छ भने पाँच हजार ८५५ जनालाई राष्ट्रिय परिचयपत्र वितरण गरिएको कार्यालयले जनाएको छ । राष्ट्रिय परिचयपत्र दर्तामध्ये जिल्ला प्रशासन कार्यालयबाट ३३ हजार ५०२, इलाका प्रशासन कार्यालय तुलसीपुरबाट २६ हजार ६० र इलाका प्रशासन कार्यालय लमहीबाट ११ हजार ९०८ जनाको विवरण दर्ता गरिएको छ । कार्यालयका अनुसार सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै नागरिकता, राहदानी तथा राष्ट्रिय परिचयपत्र वितरणलाई निरन्तरता दिएको उल्लेख गरिएको छ । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## बाघ संरक्षणमा चुनौती

बाघ स्वस्थ पारिस्थिकीय प्रणालीको सूचक र प्राकृतिक खाद्य शृङ्खलाको उच्च तहमा रहेको महत्वपूर्ण प्रजाति हो । यसलाई जगंलको राजा पनि भन्ने गरिन्छ । जैविक विविधता संरक्षणका क्षेत्रमा बाघको महत्वपूर्ण भूमिका रहने गर्दछ । तर पछिल्लो समय वन्यजन्तुमैत्री पूर्वाधार निर्माण नहुँदा वासस्थानमा आएको संकुचनका कारण र संख्यामा भएको वृद्धिले आहाराको खोजीमा बाघ मानवबस्तीसम्म पुग्दा मानवसँगको बढ्दो द्वन्द्व बाघ संरक्षणको प्रमुख चुनौती बनेको छ । बाघको आक्रमणमा परेर अहिले धेरैले ज्यानसमेत गुमाउन पुगेको तथ्याङ्कहरु बाहिर आइरहेका छन् ।

तत्कालीन समयमा बाघको संख्या तीव्र रूपमा घट्दै गएको अवस्थालाई रोक्न र तिनको प्राकृतिक बासस्थानको संरक्षण गर्ने उद्देश्यले प्रत्येक वर्ष जुलाई महिनाको २९ मा बाघ दिवस मनाउने गरिएको छ । यस वर्षाको दिवस बुधबार मनाइएको छ । विश्वको तुलनामा नेपालमा बाघको संख्यामा केही वृद्धि भएको छ । नेपालमा २०८२ को गणनाअनुसार बाघको संख्या ४२९ पुगेको छ । सन् २०२२ को बाघ गणनाअनुसार मुलुकमा बाघको संख्या ३५५ थियो । सरकार, संरक्षणकर्मी, स्थानीय समुदाय र विभिन्न संघसंस्थाको संयुक्त प्रयासका कारण नेपालले बाघको संख्या उल्लेखनीय रूपमा बढाउन सफलता हासिल गरेको छ । यो उपलब्धि गौरवको विषय भए पनि चुनौतीहरू भने अझै समाप्त भएका छैनन् । वन विनाश, अवैध सिकार, मानव–वन्यजन्तु द्वन्द्व तथा जलवायु परिवर्तनले बाघको भविष्यलाई निरन्तर जोखिममा पारिरहेका छन् । बाघ संरक्षण केवल सरकारको मात्र जिम्मेवारी होइन । वन क्षेत्रको संरक्षण, अवैध वन्यजन्तु व्यापारको नियन्त्रण, स्थानीय समुदायको सहभागिता तथा वातावरणमैत्री विकास नीति अपनाउनु सबैको साझा दायित्व हो । विद्यालय, सञ्चारमाध्यम र सामाजिक संस्थाले पनि संरक्षणसम्बन्धी जनचेतना अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छन् । प्रकृतिसँगको मानव सम्बन्ध जति बलियो हुन्छ, मानव जीवन त्यति नै सुरक्षित र समृद्ध हुन्छ भन्ने सन्देश यो बाघ दिवसले दिने गर्दछ । त्यसैले भावी पुस्तालाई हराभरा वन, जैविक विविधता र सुरक्षित बाघ हस्तान्तरण गर्न आजैदेखि जिम्मेवार बन्न आवश्यक छ । बाघ जोगाऔँ, वन जोगाऔँ र प्रकृतिको सन्तुलन कायम राख्दै समृद्ध भविष्य निर्माण गरौँ ।

### Opinion @ Social Network

अरुले साथ दिन्छ भनेर आश गर्नु मनको भ्रम मात्र हो,
आफूलाई आफूले भन्दा राम्रो साथ कसैले दिन सक्दैन् ।
*(ईशा थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Isha.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सिद्धार्थ राजमार्गको विकल्प : द्रुतमार्गको बहस



**पदम न्यौपाने**

सिद्धार्थ राजमार्ग नेपालका पाँच व्यस्त राजमार्ग मध्येको एक हो । रुपन्देहीको बेलहिया-नेपाल भारत सीमा) देखी मध्य नेपालको पर्यटकीय नगरी पोखरा जोड्ने १८१ किमि लम्बाई रहेको यो मार्गले मुख्य रूपमा कृषि उत्पादन र खाद्यान्न ढुवानीका लागि प्रयोगको आवश्यकताले निर्माण गरिएको थियो । नेपालको पश्चिमी विकासको प्रमुख धरोहर सिद्धार्थ राजमार्गले तराईलाई पहाडसँग जोड्दै आएको छ । तर यसको विकल्पका रूपमा प्रस्तावित द्रुतमार्गको बहसले राष्ट्रिय ध्यान खिचिरहेको छ । यो लेखमा राजमार्गको लम्बाई, जिल्लागत प्रभावका तथ्याङ्क, कालीगण्डकी करिडोरसँगको सम्बन्ध र द्रुतमार्गले ल्याउने परिवर्तन तथा अवसरहरूबारे विश्लेषण गरिनेछ । यो राजमार्ग नेपाल-भारत सीमाको बेलहिया (सिद्धार्थनगर) बाट सुरु भएर बुटवल हुँदै तानसेन (पाल्पा), वालिङ, स्याङ्जा, पुतलीबजार र पोखरासम्म पुग्छ । यो १९६४ मा निर्माण सुरु भई १९७१ मा सम्पन्न भएको थियो र १९७२ मा राजा वीरेन्द्रबाट उद्घाटन गरिएको थियो । यो राजमार्गले भरतीय सीमा र पोखरा जोड्ने, पाल्पा, स्याङ्जा र कास्कीलाई खाद्यान्न आपूर्ति गर्ने मात्र होइन यस क्षेत्रमा उत्पादन हुने कृषि उपजहरुलाई बजार पहुँच उपलब्ध गराउने गर्दछ । यो राजमार्ग सञ्चालनमा आएपश्चात गुल्मी, पर्वत, बाग्लुङ्ग, म्याग्दी,अर्घाखाँची लगायतका जिल्लाका अधिकाशं क्षेत्रका उत्पादनको बजारीकरण र खाद्यान्न आपूर्तिमा ठूलो मद्दत गर्दै आएको छ । तत्कालिन आवस्थामा नेपालमा राजमार्गको रुपमा रहेको काठमाडौं विरगञ्ज जोड्ने त्रिभूवन राजपथ मात्र थियो । त्रिभूवन राज पथले काठमाडौंलाई भारतसँग जोड्ने र सिद्धार्थले भारत सिमाना बेहलीया सुनौली देखी पोखरा जोडेको थियो । सन १९६० को दशकमा अन्य राजमार्गहरु पनि निर्माण तत्पश्चात मात्र पूर्वपश्चिम महेन्द्र राजमार्ग, काठमाडौं(कोदारी र पृथ्वी राजमार्ग (नौविसे(पोखरा) जोड्ने सडक सञ्जाल बनेका थिए । सिद्धार्थ राजमार्ग बनेपछि यस क्षेत्रको सामाजिक, आर्थिक, सांस्कृतिक र पर्यटन विकास र प्रवर्द्धनमा ठूलो प्रभाव पर्नुको साथै राजमार्गले छोएका जिल्लाहरूमा ठूलो परिवर्तन ल्याएको छ । यसले छोका जिल्लामा रुपन्देही बाहेकका सबै जिल्लाहरु पहाडी जिल्ला पर्दछन् । यी जिल्लामा तराईबाट पहाडतर्फ कृषि उत्पादन (तरकारी, फलफूल, दूध आदि) को ढुवानी सजिलो बनाएको छ । यसलाई सिद्धार्थ करिडोरको रुपमा सम्बोधन पनि गरिन्छ । यस करिडोरले व्यापार, उद्योग र बजार पहुँच बढाएको छ । पाल्पा,स्याङ्जा, गुल्मी, कास्की, पर्वत, बाग्लुङ, म्याग्दी र यता अर्घाखाँची जस्ता जिल्लामा स्थानीय अर्थतन्त्रलाई गतिशिल बनाएको छ । यो मार्गले विशेषगरी भारतसँगको व्यापार पनि सहज बनाएको छ । सिद्धार्थ राजमार्गको ठूलो प्रभाव सामाजिक क्षेत्रमा पनि देखिन्छ । गाउँ-गाउँमा स्वास्थ्य, शिक्षा र रोजगारीको पहुँच बढेको छ । सहायक मार्गहरुबाट बस सेवा र यातायातसँगको पहुँचले जनजीवनलाई सुरक्षित र सहज बनाएको छ । यसका साथै यो मार्ग सिद्धार्थ गौतम (बुद्ध) को नामबाट प्रेरित भएको कारण पनि बेग्लै सांस्कृतिक महत्व पनि बोकेको छ । यो मार्गले मुक्तिनाथ जस्तो पवित्र धार्मिक स्थल, नेपालको चारधाम मध्येका एक रिडिको हृषिकेश मन्दिर, कालिगण्डकी नदी र यहाँ पाउने शालिग्राम लगायतहरूसँगको पहुँच बढाएको छ । यसैगरी पोखरा जस्तो विविधतायुक्त पर्यटन केन्द्रसँग पनि जोडिएकोले भारतीय पर्यटकका लागि सहज वनाएको छ । यस्तै विविध पक्षले स्थानीय होटल, रेस्टुरेन्ट र हस्तकला उद्योगलाई टेवा दिएको छ । कालीगण्डकी क्षेत्रको इको-टुरिजम र ट्रेकिङलाई सहयोग पुऱ्याएको छ । सिद्धार्थ राजमार्ग कालीगण्डकी करिडोरसँग जोडिएको छ, जसबाट थप रणनीतिक महत्व पाएको छ । कालीगण्डकी करिडोरले मुस्ताङ र चिनको सिमाना कोरोला सम्मको पहुँच बढाएको छ । यो मार्ग भारतीय सिमाना र चिनको सिमाना जोड्ने सबै भन्दा छोटो मार्ग पनि हो । यो पहुँचबाट ऊर्जामा जलविद्युत विकास र प्रसारणमा सहयोग पुग्नेछ । यो पहुँचले सिद्धार्थ राजमार्गलाई उत्तर-दक्षिण करिडोरको हिस्सा बनाएको छ, जसले क्षेत्रीय एकीकरण र आर्थिक वृद्धिलाई थप बल दिएको छ । समग्रमा, यो राजमार्गले पश्चिम नेपालको विकासमा ऐतिहासिक योगदान दिएको छ । यसैगरी यो मार्गले प्रत्यक्ष अप्रत्यक्ष जोडिएका जिल्लाको जिल्लागत जिडिपी र आर्थिक वृद्धिदरमा १-२ प्रतिशतसम्म सहयोग पुऱ्याउने अध्ययनहरूले देखाएका छन् । यि र यस्तै अध्ययन प्रतिवेदनहरुको निष्कर्षले देखाएका अवसर र थप सिर्जना हुन सक्ने अवसर र प्रभावलाई मध्यनजर राख्दै यही राजमार्गका वरीपरि पर्ने र प्रभाव पारेका जिल्लाहरुको सामाजिक आर्थिक रुपान्तरण र उत्पादन बृद्धिका लागि केही वर्ष अगाडिदेखि सिद्धार्थ इकोनोमिक कोरिडोरको अवधारणालाई अगाडि ल्याएको छ । यो राजमार्गको प्रभाव र व्यस्तता बढ्न थालेपछि यसको स्तरोन्नती गरी डबल लेनको डेडिकेटेड मार्ग बनाउन माग हुँदै आएको छ ।

**द्रुतमार्ग (फास्ट ट्र्याक) को बहस :** केही समय यता सिद्धार्थ राजमार्गको विकल्पका रूपमा प्रस्तावित द्रुतमार्ग ( सम्भवत: बुटवल-पोखरा क्षेत्रमा छोटो, उच्च गतिको मार्ग, टनेल वा एक्सप्रेसवे) को बहस प्रारम्भ भएको छ । पोखरा र लुम्बिनीको दुरी घटाउने उद्देश्यले यो बहस सरकारीस्तर बाटै सुरु गरिएको छ । यो बहस ल्याउनुमा सरकारी तर्क यस्तो रहेको छ । लुम्बिनीदेखी भैरहवा जाने पर्यटकको समय बचत र सुरक्षा प्रथम आधार बनाइएको छ । यसबाट हालको घुम्ती र केही पहाडी खतरनाक खण्डले घण्टौं लाग्ने यात्रालाई छोट्याएर दुर्घटना घटाउन सक्ने र पोखरा पर्यटनलाई ठूलो बूस्ट दिने छ । यसैगरी ट्राफिक डाइभर्सनको अवसर हुनेछ । यसबाट सिद्धार्थ राजमार्गलाई स्थानीय र कृषि ढुवानीका लागि छोडेर द्रुतमार्गले भारी सवारी र पर्यटक ट्राफिक लिन सक्छ । यसले पुरानो मार्गको मर्मत-सम्भारको दवाब घटाउँछ भनिएको छ । यसैगरी छिटो यातायातले लगानी आकर्षण, उद्योग स्थापना र व्यापार वृद्धि गर्छ । आर्थिक फाइदा दिने र पर्यटनमा गुणात्मक वृद्धि ( अन्तर्राष्ट्रिय पर्यटक बढ्ने) विश्वास गरिएकोछ । यसैगरी अन्य अवसरहरू जस्तै रोजगारी सिर्जना (निर्माण र सञ्चालनमा), नयाँ शहरी विकास र स्मार्ट सिटी अवधारणा अगाडि आउने, पर्यावरणीय सन्तुलन हुने र काठमाडौं-पोखरा दवाब घटाउदै क्षेत्रीय सन्तुलन कायम हुने विश्वास लिइएको छ ।

**अहिलेको बहस**

सिद्धार्थ राजमार्गको अहिलेको १८१ किमिमा पर्ने घुम्तीहरु काट्ने, स्तरोन्नती गर्ने र डबल लेनको डेडिकेटेड बनाउने र यसका लागि रु २५ अर्ब रुपैयाँ खर्च गर्ने र यसका लागि नेपाल सरकार आफै व्यवस्था गर्न सक्दछ । यसो गर्दा हाल राजमार्ग वरी परिररहेका बजार केन्द्रहरुको विस्तार हुने र हालको आर्थिक क्रियाकलापमा थप गतिशिलता आउने हुन्छ । यसो गरिदा पोखरा जाने पर्यटकका लागि दुरीमा कमी नआए पनि समय भने निश्चितरुपमा घट्नेछ । अहिलेको आवश्यकता पनि समय व्यवस्थापन नै हो । यसका साथै बहसमा आएको विकल्पको रुपमा चर्चरे आर्यभञ्ज्याङ र बाँस्टारी आर्यभञ्ज्याङको क्षेत्रमात्र परेको कारण खासै वैकल्पिक भन्न पनि नसकिने भएको कारण हालकै बाटोको स्तरोन्नती उपयुक्त भन्ने तर्कछ । यो तर्क किन पनि जायज छ भने यो बाटो स्तरोन्नती भई यहाँबाट गुड्ने गाडीहरु मध्ये मुक्तिनाथ जाने यात्रुहरु तानसेन, रानीघाट (रानी महल) रिडी हुँदै कालिगण्डकी कोरिडर मार्फत सबै भन्दा छिटो मुक्तिनाथ पुग्न सकिने हुनाले यो कोरिडरमा पर्ने विभिन्न स्थानहरुमा नयाँ अवसरहरु थपिन जाने र अर्थतन्त्रमा निकै फरक आउनेछ । यदि फास्ट ट्र्याकले सिद्धार्थ राजमार्गका मुख्य बजार र बस्तीहरूलाई बाइपास गऱ्यो भने पाल्पा, स्याङ्जा, गुल्मी, पर्वत, बागलुङ लगायतका जिल्लाका होटल, रेष्टुरेन्ट, यातायात व्यवसाय, साना पसल तथा स्थानीय उत्पादनको बजारमा प्रत्यक्ष असर पर्न सक्छ । अहिले दैनिक हजारौं यात्रु, ढुवानी सवारी र पर्यटक यही राजमार्ग प्रयोग गर्ने भएकाले स्थानीय अर्थतन्त्र यसैमा धेरै हदसम्म निर्भर छ । यात्रु घटेपछि स्थानीय रोजगारी र आयमा पनि कमी आउन सक्छ । अर्को तर्क द्रुतमार्ग (फास्ट ट्र्याक) निर्माण भयो भने रुपन्देही र पोखराको दुरी झण्डै ४० किमि घट्ने र समय पनि निकै कम लाग्ने हुनाले पर्यटन र आर्थिक गतिविधिमा बढोत्तरी आउने, लगानी अभिवृद्धि हुने, दुई ठूला शहरमा परेको बजारीकरणको चापमा पनि कमी आउने रहेको छ । यसका लागि झण्डै एक खर्ब रुपैयाँ लाग्ने अनुमान रहेको छ । यो रकम नेपाल सरकारको आफ्नै लगानी हुन नसक्ने हुनाले बैदेशिक कर्जा लिनु पर्ने हुन्छ । फास्ट ट्र्याकको सबैभन्दा ठूलो फाइदा भनेको यात्रा समय घट्नु, इन्धन खर्च कम हुनु, ढुवानी सहज हुनु र सडक सुरक्षामा सुधार आउनु हो । बुटवल-पोखरा वा अन्य गन्तव्यबीचको दूरी र समय घटेपछि पर्यटन, उद्योग, व्यापार र राष्ट्रिय अर्थतन्त्रलाई सकारात्मक टेवा पुग्न सक्छ । प्राकृतिक विपद् वा आपतकालीन अवस्थामा पनि वैकल्पिक द्रुतमार्ग उपयोगी हुन्छ । यदाकदा तेश्रो तर्क पनि सुनिन्छ जस अनुसार फास्ट ट्र्याक बनाउनै हुँदैन भन्ने होइन । विकासलाई रोक्नु समाधान होइनह सन्तुलित विकास नै सही समाधान हो । फास्ट ट्र्याकलाई राष्ट्रिय द्रुत यातायातका लागि प्रयोग गर्ने र सिद्धार्थ राजमार्गलाई क्षेत्रीय व्यापार, पर्यटन, सांस्कृतिक सम्पदा (Heritage Corridor) र स्थानीय यातायातको प्रमुख मार्गका रूपमा विकास गर्न सकिन्छ । जे भएपनि सिद्धार्थ राजमार्गको स्तरान्नती जरुरी छ । राजमार्गमा नियमित देखिदै आएका समस्याहरु समाधान अति जरुरी भइसकेको अवस्थालाई कसैले पनि नकार्न सक्दैन ।

**अब सिद्धार्थ राजमार्गको दीर्घकालीन रणनीति के बनाउने**

राजमार्ग अब पहुँचमार्ग मात्र होइन, जीवनपद्धतीसँग जोडिएको हुन्छ । दैनिकीसँग सम्बन्ध राखेको हुन्छ । समृद्धिको सपनासँग सम्बन्धी राखेको हुन्छ, चाहे त्यो व्यक्तिको होस् या क्षेत्रको या राष्ट्रको । यसर्थ अब यो राजमार्गका बारेमा दीर्घकालीन रणनीति बनाउन जरुरी देखिन्छ । दीघकालीन रणनीतिमा तानसेन, वालिङ, बागलुङ लगायतका शहरलाई क्षेत्रीय व्यापार केन्द्रका रूपमा विकास गर्ने प्रष्ट लक्ष्य हुनु पर्दछ । सिद्धार्थ राजमार्गलाई हेरिटेज तथा पर्यटन करिडोरका रूपमा प्रवर्द्धन गर्ने कार्यक्रम हुनु पर्दछ । कृषि उत्पादन, स्थानीय उद्योग र हस्तकलाको बजार विस्तार गर्नेमा प्रष्टता हुनुपर्दछ । स्थान विशेष विश्रामस्थल, दृश्यावलोकन केन्द्र, होटल तथा पर्यटन पूर्वाधारमा लगानी बढाउने हुनुपर्दछ । भविष्यमा सम्भावित रेल वा अन्य आधुनिक यातायात सञ्जालसँग यी शहरलाई जोड्ने दीर्घकालीन योजना बनाउने आधार बन्नु पर्दछ ।

**निष्कर्ष**

सिद्धार्थ राजमार्गको विकल्पमा फास्ट ट्र्याक निर्माण आवश्यक हुन सक्छ, तर त्यसले सिद्धार्थ राजमार्गको महत्व घटाउने होइन, पूरक बन्नुपर्छ । फास्ट ट्र्याकले राष्ट्रिय स्तरको द्रुत आवागमन सम्हाल्ने र सिद्धार्थ राजमार्गले स्थानीय व्यापार, पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य र क्षेत्रीय विकासलाई निरन्तर गति दिने गरी नीति निर्माण गर्नुपर्छ । यसरी मात्र पूर्वाधार विकास र स्थानीय अर्थतन्त्रबीच सन्तुलन कायम गर्दै समग्र देशको दिगो विकास सुनिश्चित गर्न सकिन्छ ।

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रास भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : बिहानदेखि काममा जाँगर बढ्नेछ। मनमा आएको सोच अघि बढ्ने दिन छ।
**वृष** : घरमा रमाइलोपन बढ्नेछ। मनमा लागेको काम सुरु गर्दा सहज महसुस हुनेछ।
**मिथुन** : नयाँ कुरा सिक्ने इच्छा जाग्नेछ। बोलेको शब्दले अरूको मन जित्नेछ।
**कर्कट** : अलमल हटेर मन हलुका बन्नेछ। खानपिनमा ध्यान दिनु राम्रो हुनेछ।
**सिंह** : व्यवहारले सबैको मन तान्न सक्छ। सुरु गरेको काम पूरा हुँदा सन्तुष्टि मिल्नेछ।
**कन्या** : वातावरण मिलाउँदा मनमा ताजापन आउनेछ। दिन शान्त र सहज रहनेछ।
**तुला** : नयाँ सोचले एउटा काम सजिलो बनाउनेछ। मुस्कानका साथ दिन बित्नेछ।
**वृश्चिक** : पुरानो चिन्ता कम हुँदै जानेछ। प्रयासले मिठो फल दिन थाल्ने संकेत छ।
**धनु** : सानो सफलताले पनि खुसी बढाउनेछ। दिनभरि उमंग कायम रहनेछ।
**मकर** : घरको कुराले मन रमाउनेछ। खर्च गर्दा सोचेर अघि बढ्नु राम्रो हुनेछ।
**कुम्भ** : काममा ध्यान दिँदा राम्रो गति मिल्नेछ। साँझतिर खुसीको झल्को देखिनेछ।
**मीन** : आज मन शान्त रहनेछ। आफूलाई खुसी दिने काममा समय मिल्नेछ।




कथा — टङ्क भट्टराई

# मायाको गाउँ

छपन्न सालको फागुनदेखि उन्साठी सालको जेठसम्म म मास्टर डिग्री पढ्न कीर्तिपुर बसेँ । बाहिरीगाउँ, महर्जनको घरमा । डेराको छेउमै राराहिल बोर्डिङ स्कूल थियो, जहाँ छोरी रञ्जनाले दुई वर्ष पढी । त्यसपछि हामी तराई झर्‍यौं । म बस्ने तेस्रो तलाको कोठाबाट टाढासम्म फैलिएको दृश्य देखिन्थ्यो । पूरै चन्द्रागिरी पहाड, घरैघरले भरिएको उपत्यका, अनि आकाशको त्यो विशालता । पढाइ सकेपछि पनि म बेलाबेला कीर्तिपुर फर्किरहेँ । विद्यार्थी जीवनको त्यो दु:ख, गाउँजस्तो वातावरण, वरिपरिको हरियो पहाड..... सम्झँदाखेरि मन एकाएक भावुक बन्थ्यो । कहिलेकाहीँ पुरानो डेरासम्म पुग्थेँ । कहिले टाढैबाट हेरेर फर्किन्थेँ । कीर्तिपुर डाँडामा इतिहासको अवशेष अझै छ । वरिपरि नेवारी संस्कृतिको चहलपहल । लहना रेष्टुरेन्टमा भीड, बाघभैरव मन्दिर, माथि उमामहेश्वर । त्यहाँबाट हेर्दा उपत्यका एकैचोटी आँखाभरि अटाउँछ । त्यही मोहले एक दिन जेठको साँझ म फेरि कीर्तिपुर पुगेँ । पुरानो बाटो हुँदै बाघभैरव उक्लिएँ अनि त्यहाँबाट उमामहेश्वरतिर । मौसम खुलेको थियो । चोभार, स्वयम्भू, चन्द्रागिरी, शिवपुरी, फूलचोकी....यी सबै सुनौलो घाममा नुहाइरहेका । म मन्दिरमुनिको 'कीर्तिपुर भ्यू प्वाइन्ट' को रुफटपमा बसें । समयबजी र ऐला मगाएँ । वरिपरि जोडीहरू आफ्नै संसारमा थिए । म भने एक्लै । तर एक्लो भएर पनि भरिएको । घाम रातो भएर चन्द्रागिरी पहाडबाट ओर्लिन खोज्दै थियो । त्यही बेला मैले अलि परतिरको टेबलमा देखें-एउटा अधबैंसे मान्छे । ऊ एक्लै बसिरहेको थियो, बीच-बीचमा रक्सीको चुस्की लिँदै, कहिले आँशु पुछ्दै, कहिले आकाशतिर हेर्दै । उसको मौनता बोल्थ्यो । उसलाई बोलाउन मन लागेको छ । ध्यान भङ्ग गर्दा ऊ रिसाउला कि ? ऊसँग के निहुँ पारेर बात मारूँ ? म असमञ्जसमा परें । कसो-कसो उसले पुलुक्क मतिर हेर्‍यो । म हल्का हाँसेँ । ऊ पनि हाँस्न खोज्यो । "अब त तपाईं र ममात्रै पो भएछौं त यहाँ ।" मैले मौका पारें । "हो ।" उसले यत्ति जवाफ फर्कायो । हामीबीच सामान्य कुराबाट संवाद शुरू भयो- घर कहाँ, के गर्नुहुन्छ, आज किन यता । बिस्तारै हामी एउटै टेबलमा बस्यौं । रक्सी थपियो । मौनता पग्लियो । "तपाईं केही पीडामा हुनुहुन्छ जस्तो लाग्यो," मैले भनें । ऊ हल्का हाँस्यो- "मनका कुरा अरूलाई सुनाएर के हुन्छ र ?" "हल्का हुन्छ," मैले भनें । त्यसपछि उसले आकाशतिर हेर्दै भन्यो- "उनी जूनजस्ती थिइन्..." शुक्ल पक्ष । पूर्णिमा आउन लागेको । ठूलो साँझ परिसकेकाले आकाशमा जून हल्का देखिए । खुलेको आकाशमा जून पनि खुलेर लागे । "तपाईंहरूलाई केही चाहिन्छ कि ?" होटलकी केटीले वरपरका टेबलहरू सफा गर्दै सोधी । "तपाईं र म अलिकति थपौं है । एकछिन सगैं पिऊँ । अनि जाऊँ ।" मैले प्रस्ताव गरें । उसले हुन्छ भन्ने भावमा टाउको हल्लायो । त्यसपछि शुरू भयो उसको कथा । कुनै बेला ऊ जागिरको सिलसिलामा फिदिम पुगेको रहेछ । त्यहाँ उसको एक लिम्बुनी केटीसँग भेट भयो- मनस्वी । तर उसले त्यो केटीलाई 'माया' भनेर बोलाउँथ्यो । पहिलो भेट फिदिम बजारमा-धान नाच्दा । धान



नाच्दानाच्दै संयोगले उसको र मनस्वीको हात एकै ठाउँ भए । पालामको भाकामा खुट्टा आफैं चले । अनुहारको हाउभाउ र मनको लय एउटै भयो । ऊ लिम्बुनी गहनामा सजिएकी । शिरको शिरफूल, निधारको शिरबन्दी, ढुङ्गी, बुलाकी, घाँटीको कण्ठमाला, छातीको चन्द्रहार र नाडीका काँडेचुराले स्वर्गकी परी नै हो कि जस्ती । हो, त्यही स्पर्शबाट शुरू भएको सम्बन्ध बिस्तारै फैलियो । भेटघाट, फोन, कफी, यात्राहरू........सबै । माया केवल सुन्दर मात्र थिइन, ऊ जीवन्त थिई । हँसिलो चेहरा, मीठो बोली, आफ्नै लवज । "होइना, कता हौ सर ? तपाईंको माया त फच्चा गोयो ! आबो ता आउँदिनाँ ! तपाईं एक्लै बस्नू ल !" तिनीहरू सँगै धेरै घुमे । फिदिमबाहिर फुङलिङ बजार, सुकेटार, गुफापोखरी, तीनजुरे, दार्जेलिङ, मिरिक जस्ता ठाउँहरू पुगे । गुराँसले राताम्य डाँडाहरू, चियाबगान, हिमाल, सल्लाका जङ्गल । यी सबै उनीहरूको प्रेमका साक्षी बने । बसन्तमा गुराँस फुलेको बेला उनीहरू गुराँसको राजधानी तीनजुरे गए । गुराँससँगै मुस्कुराए । नाचे, गाए । पाथीभराको दर्शन गरे । रङ्गीन सम्झनाहरू सँगाले । दार्जेलिङ चौरस्तामा राति अबेरसम्म मान्छेहरूको चहलपहल । रातको दश बजेसम्म उनीहरू चौरस्तामा बसे । कफीको गिलासमा माया मिसाएर पिए । बिहान उठेर महाङ्कालको पूजा गरे । हनुमानको दर्शन गरे । मिरिक लेक साइडमा साँझपख हात समातेर मायाका कुरा गर्दै तालको फन्को लाए । ती यात्राहरू केवल घुमाइ थिएनन् । ती त दुई आत्माको सङ्गम थिए । "मानिसको जीवनमा थुप्रै घुम्तीहरू आउँदा रहेछन् । हामीले थुप्रैचोटी ठोक्किनुपर्दो रहेछ । जीवनका घुम्ती र मोडहरूमा अनेक मान्छेहरूसँग भेट हुँदो रहेछ । कति छोडिँदै जान्छन् । कतिसँगको भेट चुरोटको धुवाँजस्तै । स्वाइँय तानो, फुस्स उडायो । चौतारीमा एकैछिन बसेजस्तै । चरो डालीमा बसेर एकै छिनमा भुर्र उडेजस्तै । बस् यत्ति नै । तर कोहीसँगको यात्राचाहिं छोटै भए पनि अविष्मरणीय हुँदो रहेछ । जीवनभर याद दिलाउने खालको । बिर्सन खोज्दा पनि नसकिने । सधैं झल्को आइरहने । माया लागिरहने ।" उसले स्वाइयँ चुरोट तान्यो अनि साँझको सन्नाटामा घुर्मैलो भइसकेको फूलचोकीतिर हेरेर धुवाँ उडायो । "जीवनमा धेरै मान्छे भेटिन्छन्," ऊ भन्दै थियो, "तर कोही-कोही छोटो समयमै पनि अमिट भएर बस्छन् ।" मलाई लाग्यो, प्रेमको सागरमा डुबेर ऊ दार्शनिक बन्दै गइरहेछ । उसले घडी हेर्‍यो । जेठका दिन लामै भए पनि अब भने साँझ टरिसकेको थियो । भोलिपल्ट पूर्णिमा भएकाले लगभग पूरै आकारका जून खुला आकाशमा टल्किरहेका थिए । मलाई पनि आकाशमा टहटह लागेको जून औंधी मनपर्ने । जूनलाई जति हेरे पनि धीत नमर्ने । जून पोखिएको घर-आँगन, बोटबिरुवा, खेत अनि बारीका पाटाहरू त्यस्तै राम्रा लाग्ने । त्यो शीतलु उज्यालो एकैछिन नछोडौं जस्तो । उसले जूनतिर हेर्दै हातले गिलास समायो । तर गिलास रित्तिसकेको थियो । मैले उसको मनसाय बुझेर अलिकति रक्सी मगाएँ । उनीहरू प्रेमको दुनियाँमा विचरण गरिरहेको बेला समयले अर्कै बाटो फेर्‍यो । मायाको युके जाने भिसा आयो । खुशी र पीडा एकैचोटी आए । बिदाइ नजिकिँदै जाँदा उनीहरूको भेट मौन हुँदै गयो । शब्दहरू हराए । आँखा बोल्न थाले । "म जान्छु अब..." "आफ्नो ख्याल राख्नू..." साधारण वाक्य तर असाधारण पीडा । आखिर छुट्नै पर्ने थियो, आँशु पुछ्दै ऊ ओझेल परी । शरीर उता गयो । मन यतै रह्यो । "त्यसपछि सबै सुनसान भयो," ऊ भन्दै थियो । फिदिम बजार, कफीघर, सल्लेरी वन, होटल र बाटाहरू.......। सबैमा उसको छाया देखिन्थ्यो । ऊ एक्लै ती ठाउँहरूमा जान्थ्यो, सम्झनामा डुब्थ्यो, र मनलाई अझ भारी बनाएर फर्किन्थ्यो । "घरिघरि कतै ऊ फेरि यतै भेटिने हो कि जस्तो लाग्थ्यो..." उसको स्वर भिजेको थियो । आकाशमा जून चम्किरहेकै थियो । मैले घडी हेरें । बेलुकाको आठ बजिसकेछ । "लु अब जाऊँ । ढिला भयो । तपाईंको कथा मलाई मीठो लाग्यो । मार्मिक लाग्यो । तपाईंले जसरी उनलाई सम्झिरहनुभएको छ । उनले पनि सात समुद्रपारिबाट तपाईंलाई यसरी नै सम्झिरहेकी छिन् । प्रेम गरिरहेकी छिन् । तपाईंहरू एक-अर्कामा सँगै नभए पनि तपाईंहरूको प्रेम अमर बनोस् । मेरो शुभकामना छ ।" मैले भनें । ऊ जुरुक्क उठ्यो र मलाई अङ्कमाल गर्दै भन्यो- "तपाईंलाई धेरै-धेरै धन्यवाद ! तपाईं धन्य हुनुहुन्छ । मेरा यति कुरा सुनिदिनुभयो । म तपाईंसँग बेस्सरी पोखिएँ । आज मेरो मन हल्का भयो ।" हामी छतबाट तल ओर्लिंदै गर्दा उसले पूर्वतिर टहटह लागिरहेका जूनतिर हेर्दै भन्यो- "सर ! मेरी मायाको गाउँ यही जून लागेदेखि ठ्याक्कै उता पर्छ हगि !" "हो, तपाईंकी मायाको गाउँ अनि तपाईंहरूको चोखो माया पोखिएको ठाउँ फिदिम बजार यही जून लागेदेखि पर्तिर पर्छ ।" मैले उसको कुम थप्थपाउँदै भनें । तल भुईंतलाको रिसेप्सनमा पुगेपछि मैले पैसा तिर्न खोजें । तर उसले मलाई रोक्दै मेरो सहितको सम्पूर्ण बिल चुक्ता गर्‍यो । त्यहाँबाट हामी तल बाघभैरवको मन्दिरसम्म सँगसँगै झर्‍यौं । सम्पर्क नम्बर आदान-प्रदान गर्‍यौं । छुट्ने बेलामा हात मिलायौं । हग गर्‍यौं । ऊ त्याङ्लाफाँटतिर लाग्यो । म भत्केपाटीतिर । मैले एकछिन ऊ गएको हेरिरहें- ऊ त्यही आकाशको जूनतिर हेर्दै, लड्खडाउँदै अघि बढिरहेको थियो । ***-साहित्यपोष्ट डटकम***

निबन्ध — काशीनाथ मिश्रित

# देउता

नियन्त्रण गर्न खोज्दाखोज्दै पनि आजकल मेरो लेखनमा ठट्टा मिसिन थालेजस्तो आभास पाउँछु आफैले । मान्छेको प्रवृत्ति हुँदोरहेछ कि कुन्नि ! यो आलेखमा भने सकेसम्म नियन्त्रण गर्ने कोशिस गर्छु भनेर तम्सेको छु । मैले देउताका बारेमा सोच्दा अरुले सोचेभन्दा बेग्लै ढङ्गले सोच्न पुगेँ । 'दे उता'लाई छिटोछिटो भन्न खोज्दा देउता बनेको हो भन्ने लागेको छ मलाई । 'ले यता'मात्र भन्नेहरू चाहिँ राक्षस हुन् । आफैले मात्र खान खोज्ने र आफ्नै स्वार्थ पूरा गर्न खोज्नेलाई केको देउता मान्नु? जसले अरुलाई दिनुमा आनन्द मान्छ, कहिल्यै कसैको कुभलो गर्दैन, सबैलाई समान व्यवहार गर्छ त्यो नै देउता हो । हाम्रा पुराणहरूले पनि स्वर्गका वासिन्दालाई देउता भनेका छन् । स्वर्ग भनेको दु:खकष्ट नभएको, सारा वैभव र ऐश्वर्यको उपभोग गर्न पाइने ठाउँ हो । त्यहाँ कसैले कसैको कुभलो चिताउँदैन र गर्दैन पनि । नरक, जहाँ सधै हत्या, हिंसा, चोरी डकैती, दुराचार, दुर्व्यवहार भैरहन्छ । कुनै न कुनै हिसाबले दु:खको जालमा परेकै हुन्छ नरकवासी । अतिशयोक्ति नगरी भन्ने हो भने जहाँ सुख छ त्यहाँ स्वर्ग र जहाँ दु:ख छ त्यहाँ नरक हो । कल्पनामा भनिएको कुनै त्यस्तो स्वर्ग लोक वा नरक लोक छैन यो पृथ्वीबाहेक । स्वर्ग पनि यहीँ छ, नर्क पनि यहीँ । देउता पनि यहीँ छन्, दानव पनि यहीँ । असल आचरणयुक्त मानिस नै देउता हुन् भने दुष्टात्माहरू राक्षस हुन् । असल र खराब पनि निरपेक्ष छैनन् । एउटै व्यवहार कसैलाई असल लाग्न सक्छ त कसैलाई खराब! तर अरुलाई दु:ख दिने काम कहिल्यै असल हुन सक्दैन । त्यसैले देउताले अरुलाई दु:ख दिने काम गर्दैनन्, गर्नु हुँदैन । दु:खको पनि त ठोस परिभाषा छैन । वास्तवमा दु:ख के हो? कसैलाई सम्मानपूर्वक मिठामिठा भोजन खुवाएर जेलमा आनन्दका साथ थुन्नु दु:ख हो कि स्वतन्त्रतापूर्वक पसिना काढ्दै आफ्नै खेतमा हलो जोत्न दिनु दु:ख हो? त्यसैले दु:ख पनि निरपेक्ष छैन । सम्मानपूर्वक जेलमा थुनिएको कैदीभन्दा कैयौं गुणा सुखी त असिनपसिन भएर हलो जोत्ने किसान हुन्छ । दु:ख र सुख केवल अनुभूति गर्ने कुरा हुन् । शारीरिक रूपमा मात्र हैन मानसिक रूपमा पनि दु:ख दिन सकिन्छ । कसैले कसैलाई मर्ममा चोट पुग्ने गरी बाण वा गोली हान्नुपर्छ भन्ने छैन । चसक्क बिझ्ने गरी नमिठो बोलीले पनि चित्त दुखाउन सकिन्छ र दुख्छ ।वास्तवमा कुनै प्रकारको दुखाइ नदिने जो छ त्यो नै देउता हो । हामीले लोक जीवनमा भन्ने गरेको पनि सुनेका छौं नि ! कोही बच्चा शान्त स्वभावको रहेछ भने कस्तो देउताजस्तो रहेछ भनेर । त्यसैले देउता बन्नु छ भने कसैलाई दु:ख दिनु हुँदैन । सके भलाइ गर्ने हो नसके कुभलो गर्ने त हुँदै हैन । पक्षपात गर्ने चिन्तन कसैमा छ भने त त्यो देउता हुनै सक्दैन । हामीले सुन्ने गरेका छौं कसैलाई देवत्वकरण गरियो । देवत्वकरण कसैले गरेर हुने होइन । उसमा देवत्व छ भने स्वत: भैहाल्छ । अरुले बनाउँदैमा कोही देउता बन्न सक्दैन ।त्यो त एक किसिमको चित्रण मात्र हो । वास्तमा अत्यन्त असल आचरणको रहेछ भने मानिसमा देउताको आभास मात्र हुने हो, देउता चाहिँ कदापि हुन सक्दैन मान्छे । अझ भगवान त बन्नै सक्दैन । यहाँ हामीले कसैलाई भगवान मानिरहेका हुन्छौं, छौं । यो हाम्रो अज्ञानता र भ्रम मात्र हो । कोही पनि सदाका लागि देउता वा भगवान बनिरहन सक्दैन । अप्ठेरोमा परेका

> *अतिशयोक्ति नगरी भन्ने हो भने जहाँ सुख छ त्यहाँ स्वर्ग र जहाँ दु:ख छ त्यहाँ नरक हो । कल्पनामा भनिएको कुनै त्यस्तो स्वर्ग लोक वा नरक लोक छैन यो पृथ्वीबाहेक । स्वर्ग पनि यहीँ छ, नर्क पनि यहीँ । देउता पनि यहीँ छन्, दानव पनि यहीँ । असल आचरणयुक्त मानिस नै देउता हुन् भने दुष्टात्माहरू राक्षस हुन् । असल र खराब पनि निरपेक्ष छैनन् । एउटै व्यवहार कसैलाई असल लाग्न सक्छ त कसैलाई खराब ! तर अरुलाई दु:ख दिने काम कहिल्यै असल हुन सक्दैन ।*

बेला जसले सघाउँछ र उद्धार गर्छ त्यो त्यसबेला देउता बन्न पुग्छ । जसले सामान्य अवस्थामा हुँदा अनावश्यक दु:ख दिन्छ त्यो राक्षस बन्न पुग्छ । अदृश्य र अप्राप्य वस्तु रहस्यमय हुने हुनाले देउता वा भगवानका रूपमा चित्रण गरी हामीलाई एक प्रकारको मनोवैज्ञानिक अनुशासनमा राख्न खोजेका हुन् हाम्रा पुर्खाले । धर्म र पापको डर देखाएपछि मानिसलाई अनुशासनमा राख्न सकिने भएकाले यसो गरिएको हो । कानुन बनाउने प्रचलनको विकास हुनुपूर्व धर्मले नै शासन चलाएकाले हामी अझै पनि ईश्वर, भगवान वा देउतामा विश्वास गर्न विवश छौं । जुन वस्तु अदृस्य छ, त्यसको शक्ति कति छ भन्ने अनुमान गर्न नसकिने हुनाले हामीलाई ईस्वरमा विश्वास गर्नुपर्ने बाध्यता भएको हो । यदि ईश्वर वा भगवान भनिएकाहरू पनि निराकार नभएर साकार हुन्थे भने कसैले विश्वास गर्ने थिएन । प्रकृति नै सबभन्दा ठुलो ईश्वर हो । जसलाई मानिसले बनाउन सक्दैन त्यो देउता हो । प्रकृति त मानवनिर्मित होइन नै । संसारका प्राणीहरूलाई पालनपोषण गर्ने यही प्रकृति हो । त्यसैले प्रकृतिको पुजारी नै सच्चा आस्तिक हो । कवि भूपिले भनेझैं यहाँ देउताले बनाएका मानिसहरू पनि छन्, मानिसले बनाएका देउताहरू पनि छन् ।हो, मानिसलाई देउताले त बनायो होला तर देउतालाई मानिसले बनाउन चाहिँ पटक्कै सक्दैन । केवल कल्पनामा आधारित देउताका मूर्ति वा चित्रहरू नै मानिसले बनाउने हो । जसले मूर्ति वा चित्रलाई देउता सम्झन्छ त्यसले खोक्रो आडम्बर देखाएको मात्र हो, धर्ममा आस्था राखेको होइन । हुन त एक हिसाबले ती निर्जीव मूर्ति वा चित्रलाई देउता मान्नु पनि ठिकै हो किनभने तिनीहरूले कसैको हानीनोक्सानी वा कुभलो गर्दैनन् । जसले अर्कालाई दु:ख दिँदैन उसलाई देउता नभनेर कसलाई भन्ने त ? तर्क उठ्न सक्छ प्रकृतिले पनि विभिन्न प्रकोपमार्फत हामीलाई हानी गरिरहेकै हुन्छ । भूकम्प, बाढी, पहिरो, हावाहुरी जस्ता प्राकृतिक प्रकोपले मानिसको दुर्गति भैरहेछ । यस्तो प्रकृतिलाई पनि देउता भनिरहेछ यो पागलले! भन्ने लाग्न पनि सक्छ । कुरो स्वाभाविकै हो । अति भएपछि खति हुन्छ भन्ने उक्तिअनुसार मानिसकै लापर्वाहीले प्राकृतिक प्रकोप बढेको हो । मानिसका खराब हर्कत घटाउने हो भने स्वत: प्रकोप सन्तुलनमा आउँछ । यस मानेमा प्रकृतिलाई देउता भनेको हुँ मैले कि प्रकृतिले विनाभेदभाव प्राणीलाई सेवा दिएको हुन्छ । भूकम्प, हावाहुरी, बाढीपहिरो जस्ता प्रकोपले धनी-गरीब, पुरुष-महिला, छुत-अछुत, काला-गोरा कसैलाई पक्षपात गरेको हुन्छ र? गरेकै हुँदैन । सूर्यले राजालाई धेरै प्रकाश दिने र जनतालाई थोरै दिने गर्दैन । हावा पनि धनीको नाकबाट छिर्ने र गरीबको नाकमा पस्न नमान्ने गर्दैन । आगोले ठुल्ठुला महल मात्र हैन ससाना झुपडी पनि जलाउँछ । बगिरहेको नदीमा मै हुँ भन्ने एउटा नेता हाम फाले पनि बग्छ, खान नपाएर जीवन लीला समाप्त गर्न चाहेको गरीब रहेछ भने पनि बग्छ । अर्थात् जलले पनि कसैलाई विभेद गर्दैन । समग्रमा भन्दा हावा, पानी, आगो, घाम जस्ता सबै प्रकृतिका पदार्थ भगवान हुन् । सबैलाई समान व्यवहार गर्ने हुनाले तिनीहरूलाई भगवान भन्न सुहाउँछ पनि । त्यसैले हाम्रा धर्मग्रन्थहरूले पनि सूर्यदेव, वायुदेव, अग्निदेव भनेर सम्बोधन गरेका हुन् । देव गुणयुक्त मानव त को होला र खै! तर पनि मामाले हामीलाई 'झोलीका देउता' भन्नुहुन्छ । भान्जालाई किन झोलिको देउता भनिएको होला भन्ने तर्कले मलाई एकाएक समात्न पुग्छ । घरमा चकचक गरे पनि मामाघर गएपछि थपक्क बस्ने भएर त्यसो भनिएको होला भन्ने जवाफ दिन्छु आफैले आफूलाई । मेरो यो अनुमान ठिक नहुन पनि सक्छ । त्यसो त ममा देउताका लक्षण नै के छन् र! तर एक जना पण्डितले मलाई बोलाउँदा 'देउता' शब्दले सम्बोधन गर्थे । किन त्यसो भन्नुहुन्छ? भनेर सोध्दा नबोली नबोली हिँड्ने भएर भन्ने उत्तर पाउँथेँ । देउताहरू नबोल्ने भएकाले नबोलेकाहरूलाई देउता मानिएको पनि हुन सक्छ । आम मानिसको बुझाइ यस्तै त रहेछ । अहिले पनि हाम्रा देउता बोलेका छैनन् खै । पण्डितले ममा देखेको देवत्व त्यो भए पनि दानवत्व पनि मसँग छ । बेलाबेलामा त्यो विस्फोटन भएर निस्कँदा मैले कसैलाई पिटेको छु, धम्क्याएको छु, लुटेको छु । आफ्नो अधिकार नभएकी नारीलाई कुदृष्टि लगाएको छु । अब म राक्षस नभएर के हुन्छु त! वास्तवमा देवत्व र दानवत्व पनि एउटै शरीरमा अट्दो रहेछ ।कुनै बेला म देवता हुन्छु भने कुनै बेला दानव बनिदिन्छु । मैले अत्याचार जसमाथि गरेँ उसले त कुनै हालतमा पनि मलाई देउता मान्न सक्दैन र मान्दैन पनि । देउता पूजनीय हुनुपर्छ । निष्कपटता,निर्मलता एवम् निर्दोषिता नै देउताका लक्षण हुन् । त्यसैले त हजुरआमाले बिस्कुन छिरलिरहेको सानो बच्चालाई पनि स्वतन्त्र छोडिदिनुहुन्थ्यो । बालकमा भगवान बसेका हुन्छन् भन्ने उहाँको धारणा थियो । अबोध शिशुमा के आपराधिकता पलाएको हुन्छ र? पटक्कै हुँदैन । त्यसैले त होला जीवित देवीको रूपमा कुमारीलाई पूजा गरिएको !! नत्र त एउटी वयस्क सुन्दरीलाई देवी मानिदिने परम्परा बसालेको भए पनि त हुन्थ्यो । ठिकै गरेका हुन् हाम्रा पुर्खाले । मानवलाई देउता नै मान्ने हो भने यस कुरामा म पनि सहमत हुन सक्छु । बालकलाई नै देउता मान्नुपर्छ, अल्लारे ठिटालाई होइन । अझै म नै भगवान हुँ भनेर आफैले आफैलाई घोषणा गर्ने दुराचारी प्रभुहरूलाई त देउता मान्नै सकिँदैन । भित्रभित्रै राम्रा राम्रा सुन्दरीसित भोगविलास गर्ने र सूचना बाहिरिने अवस्था आए मारेर दबाउने ढोँगी प्रभुहरूलाई देउता ठान्नु हाम्रो अज्ञानता मात्र हो ।

***-समकालिन साहित्य डटकम***

# अन्तर्राष्ट्रिय मित्रता दिवस मनाइँदै




**पाल्पा,** साउन १३/ आज अन्तर्राष्ट्रिय मित्रता दिवस नेपालसहित विश्वभरी मनाइँदै छ । संयुक्त राष्ट्र संघले ३० जुलाईलाई अन्तर्राष्ट्रिय मित्रता दिवसको रूपमा आधिकारिक मान्यता दिएपछि हरेक वर्ष यो दिवस मनाउने गरिएको हो ।

यस दिवसले मित्रता, आपसी विश्वास, सद्भाव, सहयोग र सामाजिक एकतालाई प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ । दिवसको अवसरमा विभिन्न देशमा विद्यालय, सामाजिक संस्था तथा समुदायस्तरमा मित्रताको महत्वबारे सचेतना कार्यक्रम, अन्तरक्रिया, सांस्कृतिक कार्यक्रम तथा शुभकामना आदानप्रदान गरिन्छ । समाजमा शान्ति, सहिष्णुता र पारस्परिक सम्मानको भावना अभिवृद्धि गर्न मित्रताको महत्वपूर्ण भूमिका रहने विश्वासका साथ यो दिवस मनाउने गरिएको हो । पछिल्लो समय सामाजिक सञ्जालमार्फत पनि शुभकामना साटासाट गर्दै मित्रताको सम्बन्धलाई थप सुदृढ बनाउने चलन बढ्दो छ । यस अवसरमा विभिन्न व्यक्ति तथा संस्थाले मित्रताले विभेद अन्त्य गरी एकता, सहकार्य र मानवीय सम्बन्धलाई बलियो बनाउने सन्देश दिएका छन् । मित्र र मित्रताप्रति समर्पित हुने यो दिवस अमेरिकामा सन् १९३५ देखि मनाउन शुरु गरिएको हो तर अहिले आएर यो विश्वभरि नै मनाउने गरिन्छ । यो दिवसलाई संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय मित्रता दिवसको रुपमा मान्यता दिईसकेको छ । पछिल्लो केहि बर्ष यता नेपालमा पनि साथीभाईसँग भेटघाट तथा शुभकामना आदानप्रदान गर्दै यो दिवस मनाउने क्रम बढ्दै गएको छ । अहिलेको व्यस्त जीवनमा मानसिक तनाव र समस्याबाट छुटकारा पाउन मित्रतारुप औषधिले शान्ति प्रदान गर्दछ । यस कारण संसारमा सायदै यस्तो होला जसको कोहि मित्र नहोस् र कहिले मित्रता नगरेको होस् यो दिवसको प्रमुख उद्देश्य भनेको पनि साथीहरुसँग सम्बन्ध मजबुद बनाउनु र मानसिक तनावबाट छुटकारा पाउनु हो । मित्रता दिवस अर्थात् फ्रेन्डशिप डे हलमार्क कार्डसका संस्थापक जोयस हलले शुरू गरेका हुन् । उनले नै पहिलो पटक सन् १९३० को अगस्ट २ मा फ्रेन्डशिप डे मनाउने आइडिया निकालेका थिए, तर ग्रीटिङ कार्डस इन्डष्ट्रीले व्यापारिक फाइदाका लागि यो अवधारणा ल्याएको भनेर आलोचना पनि गरिएको थियो । वर्ल्ड फ्रेन्डशिप क्रुसेड नामक संस्थाले त्यही मितिमा फ्रेन्डशिप डे मनाउने प्रस्ताव गरेको थियो । वर्ल्ड फ्रेन्डशिप क्रुसेड एक विश्वव्यापी नागरिक संगठन हो र यसले मित्रताका माध्यमले संसारमा शान्तिको वकालत गर्ने गरेको छ । संयुक्त राष्ट्रसंघको महासभाले सन् २०११ मा ३० जुलाईलाई फ्रेन्डशिप डेका रूपमा मनाइने घोषणा गरेको थियो । त्यसपछि फ्रेन्डशिप डेलाई आधिकारिक मान्यता दिइयो ।

# आज अन्तर्राष्ट्रिय मानव बेचबिखन विरुद्ध दिवस




**पाल्पा,** साउन १३/ आज मानव बेचबिखनविरुद्धको अन्तर्राष्ट्रिय दिवस । यो दिवस विभिन्न कार्यक्रमको आयोजना गरि नेपालमा पनि मनाइँदैछ । संयुक्त राष्ट्र संघको आह्वानमा सन् २०१३ देखि हरेक वर्षको जुलाई ३० मा यो दिवस मनाउन सुरु गरिएको हो । दिवसको अवसरमा विश्वभर मानव बेचबिखनविरुद्ध जनचेतचना जगाउने र बेचविखनमा परेका व्यक्तिको मानवअधिकार संरक्षण गर्ने कार्यलाई प्रचार-प्रसार तथा प्रतिवद्धता व्यक्त गरिन्छ । पछिल्लो समय नेपालमा मानव बेचविखन तथा ओसारपसारका घटनाका स्वरुपहरु फरक-फरक ढंगले आइरहेको छ । आन्तरिक बेचविखन अन्तर्गत देश भित्रै विभिन्न बाहनामा प्रलोभन देखाइ शारिरीक तथा मानसिक शोषण गर्नुको साथै बढ्दो शहरीकरण, बजारमा भइरहेको शोषणमूलक श्रम सम्बन्धहरु तथा पर्याप्त र प्रभावकारी सुरक्षा प्रणालीका अभावका कारण मानव बेचविखन तथा ओसार-पसारका घटनाहरु बढी रहेका छन । नेपालमा राज्यले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कानून कार्यान्वयनमा ल्याएको छ तर प्रभावकारी कार्यान्वयन हुन नसक्दा पीडकहरु सजिलै उम्कने र पीडितले न्याय पाउन नसक्ने अवस्थाको अन्त्य हुन सकेको छैन । मानव बेचबिखनको प्रवृति फेरिँदै गएको छ । कुनै पनि व्यक्तिको इच्छाविपरीत धम्कीको प्रयोग, जबर्जस्ती तथा धोकाद्वारा कुनै प्रकारको शोषण, घरेलु काम, मानव अङ्ग भिक्ने, बेश्यावृति वा अन्य प्रकारका यौन शोषण गरिन्छ भने त्यो नै मानव बेचबिखन तथा ओसारपसार हो । हरेक बर्ष भैं यस बर्ष पनि संयुक्त राष्ट संघले मानव बेचबिखन सम्बन्धि जनमानस हरुमा सचेतना फैलाउन आज को दिनमा यो दिवस मनाउदै छ । गरिवीको फाइदा उठाउदै कतिलाई बैदेशिक जागिरको प्रलोभनमा त कतिलाई बिवाहवारीको मायाजाँलमा पारेर मानव बेचबिखन र तस्करी गर्ने गरेको सामान्य उदारहणहरु भेटिने गरेका छन् । मानव बेचविखन अन्त्य गर्न हरेक राष्ट्रको सरकारले गरिवी हटाउने कामलाई विशेष जोड दिने नीति अपनाउनु पर्दछ ।

## खेलकुद समाचार

# वैभव वरीयता २३० स्थानमा




**काठमाडौं,** साउन १३/ आईसीसी टी-२० ब्याटिङ वरीयतामा भारतका १६ वर्षीय युवा ब्याटर वैभव सूर्यवंशीले एकैपटक २३० स्थान सुधार गरेका छन् । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले सार्वजनिक गरेको पछिल्लो वरीयतामा सूर्यवंशी २३० स्थान सुधार गर्दै करिअरकै उत्कृष्ट ४८औं स्थानमा उक्लिएका हुन् ।

हरारेमा घरेलु टोली जिम्बावेसँगको तीन खेलको टी-ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेट शृङ्खलामा सूर्यवंशीले १५१ रन बनाएका थिए । उनले शृङ्खलाकै उत्कृष्ट खेलाडीको अवार्ड पनि जितेका थिए । टी-ट्वान्टी ब्याटिङ वरीयताको शीर्षमा भारतका ईशान किशन, दोस्रोमा पाकिस्तानका शाहिबजादा फरहान र तेस्रो स्थानमा भारतकै अभिषेक शर्मा छन् । यो वरीयतामा नेपालका गुल्सान झा ५ स्थान सुधार गर्दै ९७औं स्थानमा उक्लिएका छन् । टी-ट्वान्टी बलिङ वरीयताको शीर्षमा अफगानिस्तानका राशिद खान, दोस्रोमा पाकिस्तानका अब्रार अहमद र तेस्रो स्थानमा इङ्ल्यान्डका आदिल रशिद रहेका छन् । यो वरीयतामा नेपालका कुनै पनि खेलाडीले सुधार गरेका छैनन् । टी-२० अलराउन्डर वरीयतामा नेपालका दीपेन्द्रसिंह ऐरी १ स्थान सुधार गर्दै तेस्रो स्थानमा उक्लिएका छन् । यो वरीयतामा जिम्बावेका सिकन्दर राजा शीर्ष र पाकिस्तानका सइम अयुब दोस्रो स्थानमा छन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# सुनको मूल्य घट्यो, चाँदीको बढ्यो




**पाल्पा,** साउन १३/ बुधबार सुनको मूल्य केही घटेको छ भने चाँदीको भाउ बढेको छ । अघिल्लो दिनको तुलनामा सुन तोलामा एक हजारले घटेको छ भने चाँदी १० ले बढेको हो । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार बुधबार छापावाल सुन प्रतितोला दुई लाख ८३ हजार दुई सय र त्यति नै परिमाणको सेतो धातुको मूल्य चार हजार ३ सय २० कायम भएको छ ।

अघिल्लो दिन छापावाल सुन प्रतितोला दुई लाख ८४ हजार २ सय र त्यति नै परिमाणको सेतो धातुको मूल्य चार हजार ३ सय १० कायम भएको थियो । गत सोमबार छापावाल सुन प्रतितोला दुई लाख ८८ हजार ५ सय र त्यति नै परिमाणको चाँदी रु चार हजार ४ सय ४५ मा कारोबार भएको थियो । अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार अन्तर राष्ट्रिय बजारमा एक औँस सुन चार हजार २९ र चाँदी ५७ अमेरिकी डलरमा किनबेच भइरहेको छ । यस्तै नेपाल राष्ट्र बैङ्कका अनुसार बुधबार अमेरिकी डलर एकको खरिददर १ सय ५३ रुपैयाँ ०७ पैसा र बिक्रीदर १ सय ५३ रुपैयाँ ७६ पैसा निर्धारण गरिएको छ । युरोपियन युरो एकको खरिददर १ सय ७३ रुपैयाँ ८३ पैसा र बिक्रीदर १ सय ७४ रुपैयाँ ५२ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर २ सय ३ रुपैयाँ २६ पैसा र बिक्रीदर २ सय ४ रुपैयाँ ०६ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १ सय ८६ रुपैयाँ ६१ पैसा र बिक्रीदर १ सय ८७ रुपैयाँ ३५ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर १ सय ६ रुपैयाँ ६२ पैसा र बिक्रीदर १ सय ७ रुपैयाँ ०४ पैसा, क्यानेडियन डलर एकको खरिददर १ सय ८ रुपैयाँ ४४ पैसा र बिक्रीदर १ सय ८ रुपैयाँ ८७ पैसा, सिङ्गापुर डलर एकको खरिददर १ सय १८ रुपैयाँ ३३ पैसा र बिक्रीदर १ सय १८ रुपैयाँ ७९ पैसा तोकिएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई